"ऐतिहासिक, धार्मिक र सांस्कृतिक धरोहर, प्रकृति र पर्यटनले सम्मुन्नत भीमेश्वर"

# भीमेश्वर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०४९-४२११००
०४९-४२१४९१

चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०७५/७६

चलानी नं :- ४३९

मितिः मिति : २०७५/६/१७

विषय : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भीमेश्वर नगरपालिका

प्रस्तुत विषयमा भीमेश्वर नगरपालिका अर्न्तगत तपशिलमा उल्लेखित वडाहरुमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई विगतमा कृषि विकास बैंकबाट भत्ता वितरण हुँदै आएकोमा एउटा मात्रै वैकवाट भत्ता वितरण हुदा लाभग्राहीलाई असहज भएकाले भीमेश्वर नगरकार्यपालिकाको बैठकको निर्णयअनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्न देहायका वडामा निम्नानुसार बैंकहरुबाट भत्ता रकम वितरण गर्ने गरी सम्झौता समेत भएको हुँदा निम्नानुसारको कागजात सहित बैकमा खाता खोल्न र आ.व. २०७५/०७६ को प्रथम चौमासिक अवधिको रकम बुझ्नको लागि सबैलाई जानकारी गराई आवश्यक सहजिकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

खाता खोल्नको लागि तोकिएको बैंक वडा र बैंकबाट तय गरिएको मिति

| बैकको नाम | तोकिएको वडा | बैंकबाट तय गरिएको मिति |
|---|---|---|
| मेगा बैंक, चरिकोट, | १,२,८ | २०७५ असोज २१ गते देखि |
| लक्ष्मी बैंक, चरिकोट, | ५,६,७ | वडा नं ६ २०७५ असोज १८ र १९ गते<br>वडा नं ५ २०७५ असोज २१, २२ र २३ गते<br>वडा नं ७ २०७५ असोज २४,२५ र २६ गते |
| प्रभु बैंक, चरिकोट, | ३,४,९ | २०७५ असोज २२ गते देखि |

**आवश्यक कागजातहरु**

- पासपोर्ट साइजको दुई प्रति फोटो
- नागरिकताको सक्कल प्रमाण पत्र र प्रतिलिपि एक प्रति
- सामाजिक सुरक्षा परिचयपत्र सक्कल र फोटोकपी एक प्रति
- बृद्ध भइ हिडडुल गर्न नसक्ने असक्त वा पूर्ण असक्तको हकमा सम्बन्धित वडाको सिफारिस, संरक्षकको नागरिकताको सक्कल प्रमाण पत्र र प्रतिलिपि एक प्रति र दुई प्रति फोटो सहित संरक्षक उपस्थित हुनु पर्ने ।
- शेष पछिको हकदारको नागरिकताको प्रतिलिपि एक प्रति

०७५/६/१७

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :
श्री मेगा वैक चरिकोट
श्री लक्ष्मी वैक चरिकोट
श्री प्रभु वैक चरिकोट